सर्वोच्च अदालत
काठमाडौं

# सर्वोच्च अदालतको प्रेस विज्ञप्ती

नेपालका पूर्व प्रधान न्यायाधीश अनिरुद्धप्रसाद सिंहको मिति २०७७ साल भदौ ३० गते मंगलबार साँझ ०७:३० बजे भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहत भएका छौं। पूर्व प्रधान न्यायाधीश सिंहको असामयिक निधनबाट न्याय र कानूनको क्षेत्रमा अपूरणीय क्षति पुग्न गएको छ। प्रधान न्यायाधीशको रूपमा सेवारत रहँदा उहाँले स्वतन्त्र न्यायपालिकाको मूल्य मान्यतालाई स्थापित गर्न एवम् न्याय र कानूनका क्षेत्रको विकासका लागि पुऱ्याउनुभएको योगदान अतुलनीय रहेको छ। उहाँको कार्यकालमा प्रारम्भ भएको नेपाल कानून पत्रिकाको प्रकाशनले आजपर्यन्त निरन्तरता पाइरहेको छ। संविधान र कानूनको क्षेत्रमा दख्खल राख्ने निर्भिक, सरल, अत्यन्त मिलनसार, विवेकशील, सहृदयी, मृदुभाषी, न्यायका मर्मज्ञ एवम् अनुभवी न्यायिक व्यक्तित्वका रूपमा रहनुभएका स्वर्गीय सिंह न्याय र कानूनका क्षेत्रमा आदर्श व्यक्तित्व हुनुहुन्थ्यो। उहाँको योगदान भावी पुस्ताका लागि सदैव प्रेरणादायी र मार्गदर्शक रहिरहने छ।

ससरी जिल्लामा वि.सं. १९७६ साल माघ २० गते जन्मनु भएका पूर्व प्रधान न्यायाधीश सिंहले २००३ सालदेखि सरकारी सेवामा बडाहाकिमको पदबाट सेवा प्रारम्भ गर्नुभएको थियो। उहाँ मिति २०१३।०२।०८ मा नेपालको प्रधान न्यायाधीश पदमा नियुक्त भई मिति २०१६।०३।१५ सम्म कार्यरत रहनुभएको थियो।

उहाँको निधनबाट राष्ट्रले एउटा सच्चा राष्ट्रप्रेमी र न्यायिक व्यक्तित्वलाई गुमाएको छ। यस दु:खद् घडीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै एक मिनेट मौन धारण गरी शोक सन्तप्त परिवारजनमा हार्दिक समावेदना प्रकट गर्दछौं।

पूर्व प्रधान न्यायाधीश अनिरुद्धप्रसाद सिंहको असामयिक निधनमा शोक मनाउन यहि मिति २०७७ असोज १ गते बिहिबार एक दिन सर्वोच्च अदालत र नेपालभरका उच्च अदालत, जिल्ला अदालत, विशेष अदालत तथा न्यायाधीकरणहरु शोक विदाको रुपमा बन्द रहने भनी सर्वोच्च अदालतको मिति २०७७।०५।३१ मा बसेको आकस्मिक पूर्ण बैठकले निर्णय गरेको बेहोरासमेत जानकारी गराइन्छ।

मिति : २०७७।०५।३१

भद्रकाली पोखरेल
प्रवक्ता